नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : २०/२०७८-७९ मितिः २०७८/१०/२६

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु ।

**विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.१७ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

एकीकृत इ.प्रा. परिपत्र २०७८ मा अन्यन्त्र जुनसुकै विषय उल्लेख भएतापनि तपसिलमा उल्लिखित हार्मोनिक कोड भएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन लिई देहायबमोजिमका शर्तहरु पालना हुने गरी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको छ :

तपसिलः

| क्र.सं. | हार्मोनिक कोड (शुरुका अंक) | मार्जिनको प्रतिशत |
|---|---|---|
| १) | ०९०७ | १०० |
| २) | १७ | १०० |
| ३) | २२ | १०० |
| ४) | २४ | १०० |
| ५) | ३३०३ | १०० |
| ६) | ३३०४ | १०० |
| ७) | ३३०५ | १०० |
| ८) | ४४ | १०० |
| ९) | ६४ | १०० |
| १०) | ६५ | १०० |
| ११) | ६६ | १०० |
| १२) | ६७ | १०० |
| १३) | ६८ | १०० |
| १४) | ६९ | १०० |
| १५) | ७०१० | १०० |
| १६) | ७१०६ | १०० |
| १७) | ८७०३ | ५० |
| १८) | ८७११ | ५० |
| १९) | ९४०३ | १०० |
| २०) | ९५०४४००० | १०० |
| २१) | ०३ | १०० |

| क्र.सं. | हार्मोनिक कोड (शुरुका अंक) | मार्जिनको प्रतिशत |
|---|---|---|
| २२) | ०४ | १०० |
| २३) | ०६ | १०० |
| २४) | ०७१३१००० | १०० |
| २५) | ०८०२८०००, ०८०२९००० | १०० |
| २६) | ०८०३ | १०० |
| २७) | ०८०४१००० | १०० |
| २८) | ०९०४११०० | १०० |
| २९) | १६ | १०० |
| ३०) | १८ | १०० |
| ३१) | २० | १०० |
| ३२) | २१ | १०० |
| ३३) | २३ | १०० |
| ३४) | ३२ | १०० |
| ३५) | ३४ | १०० |
| ३६) | ३९ | १०० |
| ३७) | ४२ | १०० |
| ३८) | ५७ | १०० |
| ३९) | ६० | ५० |
| ४०) | ६१ | ५० |
| ४१) | ६२ | ५० |
| ४२) | ६३ | ५० |
| ४३) | ७१ | १०० |
| ४४) | ८२ | १०० |
| ४५) | ९१ | १०० |
| ४६) | ९४ | १०० |
| ४७) | ९७ | १०० |

शर्तहरु:

१) उल्लिखित मार्जिन रकम नगदका अतिरिक्त चल्ती/बचत/कल निक्षेप खाता खर्च (Debit) गरी वा भुक्तानीका माध्यम प्रयोग गरी समेत जम्मा गर्न सकिनेछ ।

२) मार्जिन रकममा ब्याज प्रदान गर्न पाइने छैन ।

३) मार्जिन रकम जम्मा गर्ने प्रयोजनका लागि कुनै पनि कर्जा प्रवाह (स्वदेशी मुद्रामा समेत) गर्न पाइने छैन ।

४) यस्तो मार्जिन रकम कायम गरेको हकमा दफा १.१.५, १.३.२, १.४.१, १.४.२, १.७.१६ र १.११.१ मा उल्लिखित धरौटीको अतिरिक्त हुनेछ ।

५) उल्लिखित वस्तुहरु प्रतीतपत्रमार्फत् मात्र आयात गर्न पाइनेछ ।

६) उल्लिखित वस्तुहरु आयातका लागि अग्रिम भुक्तानी गर्न पाइने छैन ।

७) मार्जिन रकम प्रतीतपत्र खोल्दाकै अवस्थामा लिनु पर्नेछ र आयातको भुक्तानी गर्दा त्यस्तो मार्जिन रकम समेतलाई प्रयोग गर्न सकिनेछ ।

८) नेपाल सरकारका निकाय, कूटनीतिक नियोग र अस्पतालहरुले गर्ने आयातमा तथा **वाणिज्य बैंकहरुले सुन आयात तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०६८ बमोजिम आयात गर्ने सुनको हकमा** यो व्यवस्था लागू हुने छैन ।

९) **उद्योगहरुले आफ्नै प्रयोजनका लागि उद्योग स्वयम्ले आयात गर्ने कच्चा पदार्थको हकमा यो व्यवस्था लागू हुने छैन ।**

१०) **औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा यो व्यवस्था लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्वःघोषणा अनिवार्य रुपमा लिनु पर्नेछ ।**

११) हार्मोनिक कोड ८७०३ र ८७११ भएका वस्तुको हकमा शत् प्रतिशत विद्युतीय भए यो व्यवस्था लागू हुने छैन ।

१२) हार्मोनिक कोड ९४०३.२०.१० र ९४०३.७०.१० का भएका वस्तुको हकमा यो व्यवस्था लागू हुने छैन ।

१३) क्र.स. १ देखि २० सम्मका हार्मोनिक कोड भएका वस्तुहरुको हकमा उक्त वस्तुहरु आयातसम्बन्धी प्रक्रियाका लागि मिति २०७८/०९/०५ वा सो अगावै प्रतीतपत्र, बैंक जमानत, Standby Letter of Credit, ड्राफ्ट/टी.टी. (आंशिक भुक्तानी समेत) लगायतका उपकरणहरु जारी भैसकेको अवस्थामा त्यस्ता सामानहरुको आयातमा यो व्यवस्था लागू हुने छैन ।

१४) क्र.स. २१ देखि ४७ सम्मका हार्मोनिक कोड भएका वस्तुहरुको हकमा उक्त वस्तुहरु आयातसम्बन्धी प्रक्रियाका लागि मिति २०७८/१०/२६ वा सो अगावै प्रतीतपत्र, बैंक जमानत, Standby Letter of Credit, ड्राफ्ट/टी.टी. (आंशिक भुक्तानी समेत) लगायतका उपकरणहरु जारी भैसकेको अवस्थामा त्यस्ता सामानहरुको आयातमा यो व्यवस्था लागू हुने छैन ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६. श्री नेपाल वित्तीय संस्था संघ ।